आज मिती २०८२ जेष्ठ २१ गते बुधबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिका आर्थिक वर्ष २०८१/८२ को तेह्रौं बैठक बसी देहाय बमोजिमका निर्णयहरू गरियो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा. | ९८६८५२३०७१ | |
| २ | श्री सगिता कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा. | ९८६८५४१९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८४८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८४८२१०२ | |
| ५ | श्री बिर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८४८५२६७१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८४८६१५३८२ | |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८६८४९५६२४ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८४८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८४८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१५३९८४७ | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८४८२१०९ | |
| १२ | श्री जनक ब. कुँवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८४८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८४४८४४८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन नं.पा. १२ | ९८५८४८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८४८४२९५२५ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८४८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा थ्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोविन्द वि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री गेहेन्द्र बहादुर डाँगी | प्र.प्र.अ./सचिव | म.न.पा. | ९८५८४२९१११ | |

निर्णय नं. १

नगरसभाको १५ औं नगर अधिवेशन मिति २०८२ जेष्ठ ९ गते सोमवारका दिन बिहान ११ बजे नगरपालिकाको हलमा आयोजना गर्ने ।

निर्णय नं. २

यस मंगलसेन नगरपालिका स्थित मंगलसेन दरवारको घेरावार निर्माण सघन शहरी तथा भवन निर्माण आयोजना डोटी पत्र संख्या २०८१।८२ च.न. ९३३ पत्रवाट निर्माणाधिन घेरावार दरवारको पश्चिमतर्फको जग्गामा बाटो कायम भएको भनि विवाद भएकोले निर्माण कार्य अवरोध भएकोले आवश्यक सहजिकरणको लागि निवेदन भए बमोजिम प्राविधिक नापजाँच गराउँदा समेत उक्त सडक नगरपालिकाको मापदण्डबमोजिम समेत रहेको पाइएन, साथै साँघुरो भएकोकारण संचालनमा ल्याउन समेत नसकिने भएकोले उक्त सडकलाई दरवारकै संरक्षित जग्गामा समावेश गरी घेरावार निर्माण कार्यको लागि स्वीकृति दिने ।

निर्णय नं. ३

नगरपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम १-८ अन्तरगत कक्षा १-४ सम्मको पाठ्यपुस्तकको ड्राफ्ट निर्माण भइसकेकोले उक्त ड्राफ्टलाई संशोधनसहित स्वीकृत गरी चालु शैक्षिकसत्र २०८२ बाट नै लागु गर्ने र पाठ्यपुस्तक छपाईको लागि अनुमति दिने ।

निर्णय नं. ४

चालु आ.व. २०८१।८२ मा स्वीकृत स्वयमसेविका प्रोत्साहन भत्ताको लागी विनियोजित बजेट रु ५ लाखवाट प्रति स्वयमसेविकालाई रु ५००० का दरले यातायात तथा खाजावापत प्रोत्साहन दिने । स्वास्थ्य सँस्थाहरुमा ईन्चार्ज र व्यवस्थापन समितिको अध्यक्ष/वडा अध्यक्षको सयूँक्त नामवाट संचालित बैंक खाता वन्द गरी प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको सयूँक्त नामबाट संचालन गर्ने ।

निर्णय नं. ५

वजार सरसफाईमा खटिने ड्राईभर र सरसफाई कर्मचारीहरुको हाजिरी वडा नं ५ को वडाकार्यालयवाट हुने गरी व्यवस्थापन गर्ने ।

निर्णय नं. ६

नगरपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकि, अस्थायी प्रहरी चौकि र ट्राफिक व्यवस्थापनलाई मासिकरुपमा १० लिटर पेट्रोल उपलब्ध गराउने ।

निर्णय नं. ७

नगरपालिका र अन्तर्गतका कार्यालयबाट कारोबार हुने व्यवसायहरु अनिवार्य पालिकामा दर्ता/नविकरण हुनुपर्ने, दर्ता नभएका व्यवसायबाट कारोबार नगर्ने ।

निर्णय नं. ८

आ.व. २०७४।७५ मा नगरपालिकाको नाममा ग्लोबल आइएमई बैंकमा रहेको कल एकाउन्ट अफर खाता नं. १९००२०५९६२६६०१ मा सन अप्रिल १४, २०२५ सम्म रु ४९४,७४२।४१ रहेकोले उक्त खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको नाममा अपडेट गरी नगरपालिकाको विविध कोष खाता नं मा रकम ट्रान्सफर गर्ने ।

निर्णय नं. ९

आ.व. २०७५।७६ मा कृषि हाटवजार संचालन गर्ने प्रयोजनको लागि वडा नं ५ स्थित जग्गा भाडामा लिई जस्तावाट टहरा निर्माण गरीएको र पछिल्लो एक बर्ष देखि कुनै पनि प्रयोजनमा उक्त टहरा प्रयोगमा नआई जग्गा भाडावापतको रकम मात्र नगरपालिकालाई व्ययभार परेकोले चालु आ.व. २०८१।८२ असारमसान्तसम्म उक्त टहरा भत्काइ उक्त सामग्रिहरु विधालय लगायत अन्य नगरअन्तरगतका सँस्थालाई हस्तान्तरण गरीसक्ने र मिति २०८२।४।१ देखि जग्गाभाडा समझौता रद्द गर्ने ।

निर्णय नं. १०

विभिन्न वडाहरुका खेतियोग्य जमिनमा वर्षायामको वाढि तथा पहिरोको कारण भत्किएकाले किसानहरुवाट वारम्वार तत्काल मर्मत गरी सिँचाइपाईप उपलब्धताका लागि माग आइरहेकोले आगामि वजेट अधिवेशनवाट अनुमोदन हुने गरी चालु आ.व. २०८१।८२ मा खर्च नहुने शिर्षकबाट रकम सुनिश्चित गरी प्राविधिक नापजाँच र लागत अनुमानको आधारमा सिँचाइपाईप उपलब्ध गराउने ।

निर्णय नं. ११

नगरकार्यपालिकामा सुशासन र सदाचारिता कायम गर्न एंव कार्यसम्पादनलाई अझ बढि प्रभावकारी ढंगले संचालन गर्नको साथै आर्थिक कार्यविधि एंव वित्तिय उत्तरदायित्व ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४, व्यवस्थापन परिक्षण निर्देशिका, २०७९ लगायतका विभिन्न नीति तथा कानूनले आन्तरिक नियन्त्रण प्रणालि निर्माण गरी लागू गर्न निर्देशित समेत गरेकोले मंगलसेन नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालि नगरकार्यपालिकामा जनशक्ति अभाव एंव कार्यव्यस्तताका कारण परामर्श सेवा मार्फत तयार गर्ने ।

निर्णय नं. १२

आगामी आ.व. २०८२।८३ को बार्षिक नीति, बजेट तथा कार्यक्रम र मध्यमकालिन खर्च संरचना तयारी गर्दा अतिरिक्त समयमा खटनपटन गर्ने कर्मचारीहरुलाई अतिरिक्त प्रोत्साहन गर्ने

नं. १३

ो आर्थिक वर्ष २०८२।८३ नेपाल सरकार स्वास्थ्य मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रमम

नका स्वास्थ्य संस्थाहरुको भवन निर्माणको लागि आवश्यक बजेट माग गर्ने ।

ढा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण म.न.पा. १३

ापढौंडा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण म.न.पा. १२

नं. १४

स्तरिय योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्दा रु २ लाख सम्मका योजना तथा कमहरुको अनुगमन तथा सुपरिवेक्षण वडा स्तरीय वडा अध्यक्ष, वडा सदस्यहरु, वडा सचिव र प्राविधिक अनुगमन समितिले गर्ने र २ लाख भन्दा माथिका योजना तथा कार्यक्रमहरुको उपप्रमुखको कत्वमा रहेको नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिबाट गर्ने ।

नं.१५

आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा आकस्मिक रुपमा संचालन गर्ने देहायका योजना तथा कार्यक्रममा रकम सुनिश्चित गरी कार्यन्वयन अगाडि बढाउने।

| योजना/कार्यक्रमको नाम | लागत अनुमान रु | स्वीकृत बजेट/शिर्षक |
|---|---|---|
| बौनालि सिचाइपोखरी म.न.पा.६ | ५०,००० | सिँचाई शिर्षकबाट |
| अपाङ्ग उत्थान समूह | ५०,००० | |
| नगरपालिका महासंघ | ५००,००० | सम्झौता बमोजिम |
| सिसि क्यामेरा स्टोरेज क्षमता विस्तार कारागार | ९०,००० | स्मार्ट पालिका शिर्षक |
| कारागार व्यवस्थापन कार्पेट | ५०,००० | कार्यालय व्यवस्थापन शिर्षक |
| रतन थापा दुर्घटना छोराको मृत्यू म.न.पा. १ | १५,००० | क्रिया खर्च |
| नेपाल स्काउट क्याम्पिङ्ग व्यवस्थापन | १८०,००० | विपद व्या. शिर्षक१००,००० |
| आन्तरिक नियन्त्रण प्रणाली | ५००,००० | परामर्श सेवा खरिद |
| अटाडे तल्लो सिँचाइ कुलो म.न.पा. १४ | ७०,००० | पाईप दिने |
| घट्टखोला लिफ्ट खा.पा. म.न.पा. ३ | ३००,००० | खानेपानि शिर्षकबाट |
| गणेश आ.वि. भवन छाना मर्मत | २५,००० | विपद् व्यवस्थापन |
| सिद्देश भुल घरको छाना उडाएको | १०,००० | विपद् व्यवस्थापन |
| सुर्योदय आ.वि. भवनको छाना उडाएको | ५०,००० | विपद् व्यवस्थापन |
| भलिवल सहभागि टिम खर्च | ५०,००० | खेलकुद शिर्षक |